हाम्रो शरीर हाम्रो जीवन हाम्रो अधिकार

www.mitininepal.org.np

# हाम्रो शरीर हाम्रो जीवन हाम्रो अधिकार

प्रकाशक

Mitini Nepal

सहयोग

Foundation for a Just Society

# प्राक्कथन

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको व्यक्तिको रुपमा पहिचान गर्ने सात प्रेरणादायी कथाहरू समेटिएको यस पुस्तक **“हाम्रो शरीर, हाम्रो जीवन, हाम्रो अधिकार”** को प्रस्तावना लेख्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यस पुस्तकमा साझेदार गरिएका कथाहरू वास्तविक उदाहरणहरू हुन्, जसले आत्मबल, शक्ति र प्रोत्साहनलाई प्रतिबिम्बित गर्दछ, र अझै पनि आफ्नो यौनिकता र लैङ्गिकतालाई खुला रुपमा बाहिर ल्याउन संघर्ष गरिरहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई प्रेरणा प्रदान गर्दछ । यो पुस्तक एक वास्तविक अन्तदृष्टि हो । यस पुस्तकमा समावेश गरिएका कथाहरूले व्यक्तिको आफ्नो जीवन र शरीरको बारेमा स्वतन्त्र रुपमा निर्णय लिन पाउने र छनौट गर्ने अधिकारलाई सम्बोधन गरेको छ ।

सन् १९९० मे १७ मा विश्व स्वास्थ्य संगठनले समलैङ्गिकतालाई मानसिक रोगको सुचीबाट हटाई समलैङ्गिकता हुनु प्राकृतिक प्रक्रिया हो भनी घोषणा गरिएको दिनको स्मरण गर्दै विश्वव्यापी रुपमा होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबिया विरुद्धको अन्तर्राष्ट्रिय दिन मनाईन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले भोग्दै आइरहेको असमानता, हिंसा, चुनौती, कष्टकर भोगाई र कठिन परिस्थितिहरूप्रति निर्णयकर्ताहरू, मिडियाकर्मी, आम जनता र स्थानीय सरोकारवाला संघसंस्था र अधिकारीहरूको ध्यानाकर्षण गराउनका लागि यो दिवसले प्रमुख भूमिका खेल्दछ ।

हामीले यो वर्ष होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबिया विरुद्धको अन्तर्राष्ट्रिय दिन हाम्रो शरीर, हाम्रो जीवन, हाम्रो अधिकार भन्ने विश्वप्यापी नाराका साथ मनाउँदैछौं । हामी यस्तो संसारको परिकल्पना गर्दैछौं, जहाँ हामीलाई यो विश्वास छ की हरेक व्यक्तिलाई सम्मानजनक जीवन बिताउने अधिकार छ र हुनुपर्छ र कसैलाई पनि उनीहरूको लैङ्गिकता र यौनिकताका आधारमा मुल्याङ्कन गरिनु हुँदैन । यस पुस्तकले सम्पुर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई प्रेरणा, साहस र ऊर्जा दिई मार्गदर्शकको काम गर्नेछ भन्नेमा म विश्वस्त छु ।

मितिनी नेपाल सम्पूर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू, कार्यकारी बोर्ड, सदस्यहरू, कर्मचारी, स्वयम्सेवक र विभिन्न नेटवर्क साझेदारहरूको सहयोग, सुझाव र साथका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हक अधिकारलाई संरक्षण तथा सम्र्वद्धन गर्दै हामी यो आन्दोलनमा निरन्तर अघि बढ्दैछौं र यहाँहरू सम्पूर्णको ऐक्यबद्धताका लागि हार्दिक अनुरोध गर्दछौं ।





**लक्ष्मी घलान**
अध्यक्ष
मितिनी नेपाल

# विषय सूची


- देश चिनाउने महायात्रा ........ १
- परदेशमा तन घरदेशमा मन ........ ५
- चेतना, प्रज्ञा र संगीतको त्रिवेणी ........ ९
- निर्भीक निर्भीना ! ........ १३
- जूनकिरी जोडी ........ १७
- चिनारी फेर्न तीन दशक ........ २१
- लक्ष्यभेदनमा अब्बल लक्ष्मी ........ २५

# देश चिनाउने
# महायात्रा





## के हो ठूलो जगतमा ? पसिना विवेक
## उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका यी पंक्ति झारपातबाट मह बनाउने कर्मवीर पात्रहरुमा लक्षित छ । जो खोला झैं बगिरहन रुचाउँछन् । खोलाजस्तो जीवन कन्चन त हुन्छ नै, त्यहाँ लेउ जम्ने सम्भावना नै रहँदैन । खोलाझैं जीवन बगाउने एउटी हस्ताक्षर हुन- अञ्जली लामा ।

अञ्जलीभित्र जीवनका थुप्रै आयाम छन् । अञ्जलीभित्र संघर्ष र संघर्षभित्र अञ्जली पर्याय नाम हुन् । समग्रमा संघर्षै संघर्षको एउटा पीरामीड उनको जीवनगाथाभित्र भेटिन्छ । त्यसैले त अहिले हेराइमा अञ्जली, बोलाइमा अञ्जली, पढाईमा अञ्जली यसरी नै सर्वत्र छाएकी छिन् । अक्करेभीरका कहालीलाग्दा कथा व्यथाबाट त्यो व्यक्तित्वमा झन निखार आएको छ । त्यस नामभित्र संघर्षका थुप्रै रंग छन् । डोको, नाम्लोका अस्तित्व छन् । सारंगी पेटले घोकाएका कहिल्यै नबिर्सने जिन्दगीका डोबहरु छन् । नमेटिने त्यही फरक फरक रंगले सुन्दर अञ्जली नामको इन्द्रेणी तयार भएको छ । संघर्षको छिनोले तयार त्यो पहाड व्यक्तित्व अहिले देश बोकेर हिँडेको छ । संघर्षसँगै प्राप्त सफलताको रंगले आफू जन्मिएको धरा चिनाउने महाअभियानमा जुटेको छ ।

मोडलिङ दुनियाँमा फरक पहिचान बनाउन सफल अञ्जली ट्रान्सजेन्डर मोडल हुन् । उनको विराट व्यक्तित्व कलिउड, बलिउड हुँदै हलिउडसम्म फैलिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न फेसन शो मा आफ्नो उपस्थिति जनाइसकेकी उनले शीरमा देश बोकेकी छन् । नुवाकोटमा जन्मिएकी अञ्जलीले त्यहाँदेखि यहाँसम्म आउन अतिसय मेहनत र पसिना खर्चिएकी छिन् । ३६औं बसन्त पार गर्दै गर्दा उपलब्धीका अनगिन्ती चाङ लगाउन सफल उनी आफ्नो ख्याती थप विस्तार गर्दै लाने बृहद् योजनामा लागेकी छन् । सिंढी चढ्ने तर पाइला नगन्ने आदर्श पछ्याइरहेकी छन् ।



अरु मध्यमवर्गीय परिवार झैं जिन्दगीको लय उही राम्रो लाउने, मीठो खाने उद्देश्य बोकेर हिँडेको हो । प्राथमिक तहसम्मको पढाई नुवाकोटमा पूरा गरेकी लामा उच्चशिक्षाका लागि काठमाडौं आइन । त्यसबेला उनीसँग नाम र कामको भोक थियो । छोराको आवरणमा जन्म भए पनि शारीरिक विकास त्यसअनुसार नहुँदा उनी मानसिक दबावमा थिइन । न पुरुष जीवनशैली अनुकूलको भाव नै विकास भयो, न महिला नै हुन सकिन । काठमाडौंको वातावरण पुरै नौलो थियो । घरबाट काकाको छोरा दाइको जिम्मा लगाइएर शहर पठाइएको थियो । सामाजिक संकुचनले आफ्नो अनुभव साटासाट गर्ने वातावरण थिएन । अहिले जस्तो सामाजिक सञ्जालको पहुँच थिएन । आफ्नो अस्वाभाविक परिस्थितिको पोल खुल्यो भने खिसिटिउरीको पात्र होइने त्रासले वर्षौंदेखि घरजम गर्दै आएको थियो । कतिसम्म भने उनको अस्वाभाविक जीवनशैलीको चियो गरेका साथीभाइले फरक व्यवहार देखाउन थालेपछि पढाइको मोहबाट विरक्त आयो । त्यसो त आफ्नै खोजी र अनुसन्धानबाट अञ्जलीले आफूभित्र फरकपनको आभास पाइसकेकी थिइन । त्यतिबेलै लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई हौसला र सहारा दिन ब्लु डाइमण्ड सोसाइटी नामको संस्था खुलिसकेको थियो । उनी पनि त्यही संस्थासँग साइनो गाँस्न लाजिम्पाटस्थित कार्यालय पुगिन । त्यो संस्थाका सदस्य भेटेपछि निस्सासिएको जीवनले अक्सिजनको कारखाना पाएजस्तै भयो । एउटै कथा, एउटै व्यथा, एउटै गाथाका मानिसको समुदायले जीवनमा रंग भरिदियो । टुटेको सपना जोडिदियो । यही वातावरणले चुँडिएको आशारुपी चंगालाई विश्वासको लट्टाइमा जोडिदियो । त्यसपछि १९ वर्षसम्म बाँचेको कुण्ठित जीवन बिस्कुन झैं सबै सामु सुकाइन । यसले इज्जतमाथि दाग लागेन, बरु फूलझैं जीवन हलुंगो बन्यो । ती दिन सम्झि अञ्जली भन्छिन-*"आफ्नै समुदायका मानिससँग भेट हुँदा स्वर्गमा अवतरण गरेजस्तै भयो । मलाई लाग्यो- अब मेरो घर यही हो, अब यहाँबाट कहिल्यै बाहिर जान नपरोस"* । लामालाई सामाजिक तिरस्कारले कतिसम्म पीडा दिएको थियो भन्ने उनको यो भनाइले पुष्टि गर्छ ।

ब्लू डायमण्ड सोसाइटीमा गएपछि लामालाई लैङ्गिक तथा यौनिक अल्पसंख्यकको बारेमा जानकारी गराइयो । यो समुदायका मानिसलाई अन्य मानिसजस्तै समाजमा बाँच्न पाउने अधिकार छ भन्ने ज्ञान दिइयो । त्यसपछि लामाको गाँस, बास, कपास नै यही संस्था बन्यो भन्दा फरक पर्दैन । बीचैमा छाडेको उच्चशिक्षाले यही संस्थाबाटै निरन्तरता पायो ।

लामाले आफ्नो जीवनको एक सुखद अध्याय प्रारम्भ गर्दै गर्दा मानसिक ठेस लाग्न पुग्यो । उनी लैङ्गिक तथा यौनिक अल्पसंख्यकको पहिचानसाथ समाजमा खुलेआम हिँडेको खबर परिवारका लागि बेहद वियोगान्तपूर्ण भयो । यही कारण घर जाने बाटो बन्द भयो । परिवारसँग नासिएको सम्बन्धभन्दा ब्लु डाइमण्डसँग गाँसिएको सम्बन्धमा उनी रमाइन् । यहीँबाट जीवनका आधार कोर्नुपर्छ भन्ने सपना संगाल्दा संगाल्दै लामालाई मोडलिङको भूत चढ्यो । सानैदेखि फेसन डिजाइनमा सोख भएकी उनी मोडलिङबाट आफ्नो जीवनको अर्को अध्याय सुरु गर्ने बाटोको खोजीमा हिँडिन् । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका मोडलिङ शो मा आफ्नो प्रतिनिधित्व जनाउन थालिन् । आफ्नो समुदायका मानिसले नाम, काम र दाम कमाउन गरेका विश्वका चमत्कारपूर्ण रेकर्ड विषयमा चासो राख्न थालिन ।



> एउटै कथा, एउटै व्यथा, एउटै गाथाका मानिसको समुदायले जीवनमा रंग भरिदियो । टुटेको सपना जोडिदियो । यही वातावरणले चुँडिएको आशारुपी चंगालाई विश्वासको लट्टाइमा जोडिदियो ।

आफूभित्रको व्यक्तित्व विकास गर्न अध्ययन अनुसन्धानलाई सँगसँगै अघि बढाइन । सपना देख्ने मात्र होइन, सपना पूरा गर्ने उपायमा रातदिन मेहनत गर्नु उनको दैनिकी बन्न थाल्यो । यही मेसोमा तेस्रोलिङ्गी समूदायबाट अन्तर्राष्ट्रिय जगतमा प्रतिनिधित्व गर्दै अञ्जलीले सन् २०१६ मा भारतको प्रतिष्ठित "ल्याक्मे फेसन शो" मा आफूलाई प्रस्तुत गरिन । सोही शो को उत्कृष्ट २० मा पुगेकी लामा त्यसपछि अन्तर्राष्ट्रिय रुपमै छाउन थालिन ।

नेपाल हुँदासम्म लामा मोडलिङमा रुचि राख्ने सामान्य तेस्रो लिंगी थिइन् । तर त्यसपछि उनको परिचय यतिमा मात्र सीमित रहेन । अञ्जली पहिचान देशको सीमाभित्र मात्र अटाएन । र्‍याम्प नाप्ने सपना बोकेर हिँडेकी अञ्जलीले दोस्रो प्रयासमा भारतमै प्रतिष्ठित मानिने "ल्याक्मे फेसन विक"मा आफ्नो कमाल प्रस्तुत गर्ने मौका पाएपछि त उनको चर्चा दिन दुई गुना रातमा चौगुना भने झैं भयो ।

उक्त फेसन सप्ताहमा र्‍याम्प नाप्ने उनी पहिलो तेस्रो लिङ्गी मोडेल हुन् । "र्‍याम्प मोडलिङ" गर्न चाहनेहरुका लागि भारतको ल्याक्मे फेसन विकमा सहभागी हुने ठूलो सपना रहन्छ । मेरो चाहना पनि त्यही थियो", अञ्जलीले भनिन- "त्यो सपना पूरा गर्न पाएकोमा अहोभाग्य ठानेकी छु ।" त्यो सफलतापछि भारतीय मात्रै होइन, संसारभरका सञ्चारमाध्यमको ध्यान उनीतर्फ खिचियो । त्यसयता उनले आफ्नो मोडलिङ यात्राको गन्तव्य भारतको मुम्बई बनाएकी छन् । *नेपालको तुलनामा भारतीय फेसन एवं मोडलिङ उद्योग व्यापक भएकाले प्रशस्त अवसरको सम्भावना भएको मोडल लामाको तर्क छ ।*

भारतको "ल्याक्मे फेसन शो" बाट शुरु भएको उनको यात्रा अघि बढ्दै विश्व प्रख्यात फेसन रनवे "न्यूयोर्क फेसन विक" मा पनि अब्बल स्तरमा उभ्याउन सफल भइन । यसलाई करिअरकै सबैभन्दा ठूलो सपना पूरा भएको क्षणको रुपमा सम्झने लामा सपना साकारको लागि मार्गदर्शक बनेका फेसन डिजाइनर प्रवल गुरुङप्रति आभार प्रकट गर्छिन् ।

जीवनका अनेक आरोह, अवरोह पार गर्दै विश्व जगतमा आफ्नो र नेपालको नाम स्वर्णिम अक्षरमा लेखाउन सफल लामा नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अवस्था नसुध्रिएकोमा अत्यन्तै चिन्तित छन् । समाज र परिवारमा आफूले भोगेको व्यवहारको भागिदार अहिलेको पुस्ता भइरहेको उनको बुझाई छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यकको बारेमा ज्ञान नहुँदा यो समुदायका धेरै मानिस दास भएर बाँच्न परेको यथार्थले उनको मन भतभती पोलिरहन्छ । अझ एक्लो मेहनतले देशका लागि आफूले गरेको योगदानप्रति राज्य बेखबर बनेकामा अञ्जलीको चित्त दुखाई छ । लगानी गर्न नसके पनि निशुल्क दिन मिल्ने प्रोत्साहन पाउन नसक्नु विडम्बनापूर्ण रहेको अनुभव संगालेकी उनी भन्छिन्- "राज्यबाट मेरो भावनाको कदर भएको अनुभव गर्न पाएको क्षण अझ म कति धेरै माइलको यात्रा तय गर्न सक्थें हुँला ।"

# परदेशमा तन घरदेशमा मन





**नेपाली हुँ कठिन गिरीमा, चढ्नलाईं सिपालु**
**बैरिँनै होस् तर छु बहुतै दीनमाथि दयालु**
**तातो रातो रगत रिपुको, प्युन हरदम तयार**
**मेरो प्रिय खुकुरी, यो हेर भै होशियार ।**

युगकवि सिद्धिचरण श्रेष्ठको हरफले आव्हान गरेको वीरगाथाको सन्देशप्रति उनी बाल्यावस्थादेखि नै परिचित थिए । ब्रिटिस लाहुरेको सन्तान, बाल्यावस्थादेखि नै विदेशी भूमिमा बिताएका ती दिनले उनलाई मातृभूमिप्रति थप आशक्ति जगाएको थियो । विदेशी धराबाट भए पनि आफ्नो माटोलाई असाध्य माया गर्छन्- लेक्स लिम्बू ।

उनको अधिकांश बालापन ब्रुनाईमा बित्यो । ब्रुनाई हुँदै बेलायतसम्मको यात्रामा लेक्सले तीन दशक बिताइसके । यद्यपि आफ्नो नाभी गाडिएको धर्तीप्रति अथाह प्रेम छ । जुनसुकै माध्यमबाट होस न, उनी नेपालसँग जोडिन चाहान्छन् । विदेशमा आफूले प्राप्त गरेको सीप, ज्ञान नेपाली समाजमा कसरी उपयोग गर्न सकिन्छ भन्नेमा आफूलाई सक्रिय राख्छन्, चिन्तन गर्छन् । पर्यटन विषयमा मास्टर डिग्री लिएका लेक्सलाई नेपालको पर्यटन क्षेत्रमा उद्यम र प्राज्ञिक दुवै क्षेत्रबाट केही गरौं भन्ने भोक छ । अध्ययनबाहेक सानै उमेरदेखि भिडियो बनाउन सौखिन लेक्सले यस क्षेत्रमा पनि उल्लेखनीय काम गरेका छन् । सोसल मिडियाबाट मुलुकको आर्थिक, सामाजिक, जनचेतनामूलक सामग्री पस्किनु उनको थप विशेषता हो । सामाजिक सञ्जालमा तार्किक ढंगमा बहस गर्ने उनको मौलिक शैली धेरैका लागि रुचिकर हुने गरेको छ । देश विदेशका नेपाली लेक्सको ब्लग पछ्याउँछन् । पछिल्लो समय भिडियो ब्लगरका रुपमा पनि आफूलाई स्थापित गराएका छन् । यही नसाले उनलाई बेलायतदेखि नेपालसम्म नतानेको

होइन, तर वास्तविक धरातलमा यहाँको मिडिया सतही लागेपछि उनी आफ्नै खेलखोरमा फर्किए । सामाजिक सञ्जालमा छाउनु उनको सोख हो । व्यावसायिक जीवनमा भने लेक्स संयुक्त राष्ट्रसंघीय बाल कार्यक्रम (यूनिसेफ) मा जागिरे छन् । नेपालमा बसेर मिडियामा जम्न नसके पनि विभिन्न माध्यमबाट देशमै रहेको छनक दिन लेक्स सफल छन् ।

धरानमा जन्मिएका लेक्स छोराको अवतारमा धर्तीमा उदाएका हुन् । बेलायतमा गएर अध्ययन तथा रोजगारी गर्दै गर्दा परिवारका सदस्यले उनीबाट बुहारी र सन्तानको आश गरेका थिए । तर विडम्बना लेक्सलाई भने सानै उमेरदेखि नै महिलाप्रति पठक्कै मोह थिएन् । युवामाझ चर्चा हुने केटी साथीको बहसबाट टाढै हुन रुचाउँथे । न अन्य चमधमकप्रति नै आकर्षण थियो । पुरुष भएर जन्मेका उनमा कुनै समय केटीप्रतिको मोह आउने झिनो आशा त थियो तर त्यो मृगतृष्णामै सीमित भयो । उमेर छिप्पिँदै थियो । लेक्सको शारीरिक विकास बाल्यकालबाट यौवनतर्फ उक्लिन थाल्यो । तर, उनको शारीरिक प्रगतिले परिवारको चाहना पूरा गर्ने लक्षण देखाएन । लेक्सले आशा गरेको मोह पनि देखिएन् । उल्टो शरीरमा आएको परिवर्तनप्रति केही मानिसले मजाक उडाए । कसैले “छक्का” भने त कसैले “हिजडा” स्वभावको भनेर अपमान गरे । लेक्स उनीहरुको मजाकमा उडेनन् । बरु आफू को हुँ भनेर परिचय खोज्नमा समय व्यतीत गर्न थाले । त्यसै पनि सूचना प्रविधिमा अब्बल उनले आफ्नो परिचय ठम्याउन धेरै समय लगाएनन् । प्राकृतिक रुपमा सबै मानिसको जन्म एकैनास नहुन सक्छ भन्ने सत्यसँग परिचित लेक्सले आफूलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको समयौनिक पुरुषको रुपमा सगौरव उभ्याए । १५ वर्षको उमेरमा नै समयौनिक पुरुष भएको जानकारी पाएका उनी आफ्नो पहिचानप्रति कति पनि दुखी भएनन् । बरु सबल र अन्यभन्दा फरक हुने गरी मौलिक योजना बनाउन थाले । आफ्ना केही साथीलाई आफू यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको समयौनिक पुरुष भएको जानकारी गराए ।



हितैषी केही साथीलाई मात्र जानकारी गराएका लेक्स आफ्नो व्यक्तिगत जीवनमा कसैको हस्तक्षेप स्वीकार्ने पक्षमा थिएनन् । आफू समयौनिक पुरुष भएर समाजमा केही उदाहरणीय काम गर्ने अठोट पनि मारेका थिएनन् । यही कारण आफ्नो सोचका बारेमा उनले परिवारका कुनै सदस्यलाई जानकारी गराउने आवश्यकता ठानेनन् । उमेरले परिपक्वताको जनाउ दिँदै गयो । परिवारमा लेक्सबाट बुहारीको आशा गर्न थालियो । उनलाई यो कुराले दबाव सृजना भएको थियो भने छोराको व्यवहारबाट बावुआमाभित्र चिन्ताले बास गर्न थालिसकेको थियो । जब लेक्सको उमेरले २५ औं बसन्त पार गर्दै थियो, उनले परिवारसँग आफ्नो वास्तविकता खोल्ने अठोट गरे ।

बाबु आमालाई सँगै राखेर लेक्सले आफू समयौनिक पुरुष (गे) भएको बताए । उनको यो घोषणाले एकछिन परिवारमा सन्नाट छायो । आमाबुवाको सपना अधुरो भएको आभाष भयो । तर, बेलायतमा बसेको परिवारले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको बारेमा बुझेको थियो । त्यसैले तत्काल छोराका अभिव्यक्ति उनका बावुआमाले सहज रुपमै





लिए । बरु उनलाई समाजमा प्रेरक व्यक्ति बन्न प्रोत्साहित गर्न थाले । बावुआमाको यस्तो व्यवहारबाट लेक्स अझ बलियो बने । जीवनमा अझ मर्यादित कर्म गर्ने प्रण लिए । लेक्स भन्छन्– "विश्वभर लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका धेरै मानिस छन्, जो सामाजिक तथा पारिवारिक चिन्तनका कारण आफ्नो पहिचान लुकाएर बाँच्न बाध्य छन् । तर, म भाग्यमानी सन्तान हुँ, बावुआमाको प्रेरणाबाट यो समुदायका लागि बोल्न सकिरहेको छु ।"

आफ्नो व्यक्तिगत जीवनको बारेमा सबैलाई भनिरहन नपर्ने सोच बोकेका लेक्स परिवारसँग भावना शेयर गरेपछि आफूलाई झन् सुरक्षित महसूस गर्न थाले । अनि उनको मनमा लाग्न थाल्यो– मनको बह जति बाँड्यो, उति सहज हुन्छ । यो समुदायका अन्य मानिसलाई पनि खुल्न प्रेरणा मिल्छ । त्यसपछि त आफ्नो परिचयको आयतन थप बढाउँदै लैजान थाले । त्यसयता उनी नेपालका विभिन्न कार्यक्रममा सहभागी भएर लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकारका बारेमा यत्र, तत्र, सर्वत्र बोल्न थालेका छन् ।

बेलायतमा बस्दै आएका लेक्स नेपालमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको क्षेत्रमा काम गर्दै आएका कुनै पनि संस्थासँग आधिकारिक आवद्ध छैनन् । तर, परोक्ष वा अपरोक्ष रुपमा यी संस्थामार्फत आफ्नो ज्ञान, सीप बाँड्दै आएका छन् । बेलायत जस्तो विकसित देशमा पनि यो समुदायका मानिसले कष्टकर जीवन बिताएको देखेका लेक्स नेपालमा परिवर्तन हुन समय लाग्नेमा स्पष्ट छन् । तर, पछिल्लो समय लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसको आत्मविश्वास र समाजमा उनीहरूप्रति गरिने व्यवहारबाट भने उनी सन्तुष्ट छन् ।

विश्वका धेरै देशमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि कानुन बन्दा आफ्नो अधिकार प्रयोगमा सहज भएको आभाष गरेका लेक्स नेपालमा यो समुदायलाई समेट्ने गरी कानुन बन्नुपर्ने आवश्यकता देख्छन् । यस्तो संवेदनशील विषयमा नेपालका उच्च सरकारी अधिकारीहरूको उदासीनता देखेर उनी चकित हुन्छन् । जसरी एउटा विशुद्ध लोकतान्त्रिक समाजमा सलादजस्तै सबैको सहअस्तित्व स्वीकारिन्छ, त्यसरी नै यहाँको शासन व्यवस्थाअनुसार सबै वर्ग, समुदाय, लिङ्गले आफू सुरक्षित रहेको अनुभूति गर्न पाउनुपर्ने निष्कर्ष उनको छ ।



# चेतना, प्रज्ञा र संगीतको त्रिवेणी



## 'म धेरै माया गर्छु तिमीलाई धेरै-धेरै, तर भन्न म सक्दिन'

सन् २००९ मा यो गीतको बोलले बजारमा उधुम मच्चाएको थियो । सबैका ओठमा यही गुनगुन गुन्जिएको सुनिन्थ्यो । यो कोकिल स्वरकी धनी थिइन- नट्टु शाह । वाकपटु, अध्ययनमा माहिर नट्टुले सांगीतिक यात्रालाई पनि सँगसँगै लगिन । त्यसैले उनको पहिलो सृजना नै युवाहरुको रोजाइमा पर्‍यो ।

ललितपुरको भैंसेपाटीमा जन्मिएकी नट्टुको खास नाम नतास शाह हो । निडर बोली र परिपक्व व्यवहारका कारण साथीहरुले नट्टु भन्न थाले । नतासलाई पनि साथीहरुले राखिदिएको नाम बिछट्टै मन पर्न थाल्यो । परिवारले दिएको नतासभन्दा उनको प्रेम नट्टुमा नै गाहिँरिदै गयो । अनि त उनले आफूलाई सर्वत्र नट्टु नामले चिनाउन थालिन् ।

काठमाडौंको क्याम्पियन कलेजमा ए लेभल अध्ययन गरेकी उनले प्राथमिक तहको शिक्षा मल्टी इन्टरनेशनलबाट पूरा गरेकी थिइन् । औषत परिवारभन्दा माथिल्लो रहनसहनमा हुर्किएकी शाहलाई कुनै खास प्राप्तिका लागि संघर्ष गर्नु परेन । तर, उनी बाल्यकालबाट यौवनास्थामा प्रवेश गर्दै गर्दा अन्य मानिसभन्दा फरक स्थितिबाट गुज्रिन बाध्य भइन् । छोरीको रुपमा जन्मेकी नट्टुको यौनिक परिपक्वतासँगै आकर्षण केटासँग हुनुपर्ने थियो । हुन पनि विपरीत लिङ्गीप्रतिको आकर्षण सामान्य मानिन्छ । नट्टुका हकमा त्यो नियम उल्टो ठहरियो ।

यौनिक रुपमा परिपक्व हुँदै जाँदा उनमा समान लिङ्गीप्रतिको मोह देखिन थाल्यो । बरु आफ्नै लिङ्गका साथी देखेर लाज लाग्ने, उनीहरुसँग नै विपरीत लिङ्गप्रति हुनुपर्ने मनोभाव उत्पन्न हुनथाल्यो । सुरुमा सामान्य लागेको यो विषय परिपक्व हुँदै जाँदा शंकाले घरजम गर्न थाल्यो । १२-१३ वर्षको उमेरमा नै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको बारेमा धेरै जानकारी पाएकी नट्टुलाई आफू त्यही समुदाय सदस्य हो कि भन्ने लाग्न थालिसकेको थियो ।

नजिकका केही साथीलाई यो विषय शेयर गरेकी थिइन् । सामान्य विषय भनेर साथीहरुले सम्झाएका थिए । साथीहरुको बचनले उनीभित्र आत्मबल थपियो । आफू यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको हो भन्ने जानकारी सहोदर भाइबहिनीलाई गराइन । उनीहरुले पनि यो विषय सामान्य ढंगमा पचाएपछि नट्टुभित्र साहस बढ्न थाल्यो । त्यसबेला उनकी आमा रोजगारीको सिलसिलामा बेलायत थिइन । सम्पूर्ण पालनपोषणको जिम्मेवारी बाबुले उठाएका थिए । नट्टुको शारीरिक र मानसिक अवस्थाबारे बाबुआमा नै बेखबर थिए । समय बित्दै गयो । नट्टु किशोरी वयमा प्रवेश गरिन । त्यतिबेलै आमा बेलायतबाट नेपाल आइन । धेरै समयपछि आमाको काखमा लुटुपुटु रमाउनपर्ने छोरीलाई मातृवात्सल्य बिझायो । बरु आमा नजिकिएर बोल्दा अप्ठ्यारो महसूस हुन थाल्यो । छोरीको अनौठो व्यवहार देखेपछि आमाभित्र शंका जन्मियो । आफ्नो विषयमा आमालाई भन्ने साहस नै गर्न सकिन । कतै मेरो शारीरिक, मानसिक मनोदशा अवस्थाको जानकारीले मानसिक चोट पर्ने हो कि भन्ने लाग्थ्यो । नट्टु भन्छिन्- “आखिर देश खाइ शेष हुनु भएकी आमाले मभित्रको रहस्य पत्ता लगाएरै छोड्नुभयो । बरु मेरो समस्यालाई सामान्य रुपमा लिएर महिनौंदेखि मभित्र बिझेको काँडा निकाल्ने काम गरिदिनुभयो ।” यसबाट स्वतन्त्र जीवन बाँच्ने साहस बढ्न थाल्यो । यसै मेसोमा सबैजना विपरीत लिङ्गी जोडी बनाएर हिँड्दा आफू समलिङ्गी प्रेमको चक्करमा परेको बताउँछिन् ।

> “आखिर देश खाइ शेष हुनु भएकी आमाले मभित्रको रहस्य पत्ता लगाएरै छोड्नुभयो । बरु मेरो समस्यालाई सामान्य रुपमा लिएर महिनौंदेखि मभित्र बिझेको काँडा निकाल्ने काम गरिदिनुभयो ।”



ए लेभलको अध्ययन सकेकी नट्टु केही वर्ष बेलायत गएर संगीत पढिन । उच्च शिक्षा अध्ययनपछि नेपालमा आएर मिडिया क्षेत्रमा प्रवेश गरेकी नट्टु नेपालको टेलिभिजन विधाकी एक सफल कार्यक्रम प्रस्तोता हुन् । हिमालयन टेलिभिजनको "हिमालयन रोडिज" पहिलो सिजनको प्रस्तोता रहेकी नट्टु कान्तिपुर टेलिभिजनको कार्यक्रम "कल कान्तिपुर"मा एक वर्ष काम गरिन् ।

संगीत तथा मिडियाको दुनियाँमा रमाइरहेकी नट्टु यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारका विषयमा बहस, पैरवी चलाउँछिन । यस समुदायका मानिसलाई हेर्ने सामाजिक दृष्टिमा परिवर्तन आउनुपर्ने तर्क गर्ने उनी परिवारबाटै प्रतिरक्षा हुनुपर्ने अडान राख्छिन् । पारिवारिक समर्थन पाएको अवस्थामा उनीहरूलाई सामाजिक प्रतिष्ठा आर्जन गरी इज्जतिलो जीवन बाँच्न साहस प्राप्त हुने शाहको बुझाइ छ । बेलायत बसाई सिध्याएपछि नेपाली सांगीतिक र सञ्चार क्षेत्रमा रमाइरहेकी नट्टु यतिबेला भने उच्च शिक्षा अध्ययनका लागि अष्ट्रेलियामा छिन् । अध्ययन सकेर नेपाल फर्किएछि आफ्नो समुदायका मानिसको हक अधिकारका विषयमा अभियान चलाउने धोको उनीभित्र छ । यस समुदायका मानिसको संरक्षणका लागि नेपालमा कानुनको अभाव देखेकी नट्टु यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सुरक्षाका लागि कानुन बनाउन ढिलाई गर्न नहुने तर्क गर्छिन् । यिनीहरूलाई पनि शारीरिक सम्पर्क आवश्यक हुने भन्दै यस विषयमा कानुनी संरक्षण आवश्यक भएको बताउँछिन् । विद्यालय स्तरबाटै यस्ता विषयमा जानकारी दिन सके समाजलाई गतिशील बनाउन मद्दत पुग्ने नट्टुको ठम्याइ छ । यो समाज सबैको साझा फूलबारी हो । लोकतान्त्रिक शासन व्यवस्थामा त झन् हरेक तह र तप्काको सहअस्तित्व नै यो प्रणालीको सुन्दर पक्ष मानिन्छ । त्यसैले नट्टुको आवाज व्यक्तिको नभएर समुदायको भएकाले यसतर्फ सरोकारवालाहरूको गम्भीरता आवश्यक छ ।



# निर्भीक
# निर्भाना !





तिम्रो भविष्यको लक्ष्य के हो ?

काठमाडौंका किशोरकिशोरीलाई अहिले यो प्रश्न सोधियो भने अधिकांशको उत्तर हुन्छ- विदेशका सुविधा सम्पन्न कलेजमा पढ्ने । उनीहरुले आफू जन्मिएको धर्तीलाई "ट्रान्जिट" ठान्ने गरेका छन् । काठमाडौंमा जन्मिएकी **निर्भाना भण्डारी** एउटी त्यस्ती भाग्यमानी बालिका हुन्, जसले माध्यमिक तहको पढाई नछिचोल्दै १८ वर्षको उमेरमा अष्ट्रेलिया छिरेर पढ्ने मौका पाइन । एक दशक त्यहाँ बसेर अध्ययनको दायरा फराकिलो बनाइन । अष्ट्रेलियाबाट नागरिक स्वास्थ्य र सामाजिक काममा स्नातक उनी हाल महिला अधिकारको क्षेत्रमा क्रियाशील छन् । महिला अधिकारका लागि उनी हरेक क्षेत्रमा अग्र मोर्चा सम्हाल्दै आएकी छन् । नारा, जुलुस, कलम जुनसुकै बाटोमा निर्भानाको उपस्थिति भेटिन्छ । उनी कोरा लिङ्गको आधारमा नभई क्षमताको आधारमा महिलाको कदर हुनुपर्ने मान्यता राख्छिन् । निर्भाना यस्ती अपवाद पात्र हुन्, जसले अष्ट्रेलियाको साम, दाम सबै त्यागेर अन्तरआत्माको आवाज सुनेर आफ्नो जन्मभूमि फर्किने निधो गरिन । यो निर्णयमा न कुनै पछुतो छ, न काम गर्न नसकेको दिक्दारी । बरु आफ्नो नाभी गाढिएको देशमा पहिलो नम्बरको स्वाभिमानी नागरिक भएर बाँच्नुको मज्जाले आनन्दको अनुभूति गराएको छ । नेपाल फर्किने निर्णयमा परिवार साथीभाइको ठूलो असहमति थियो । यद्यपि उनी आफ्नो निर्णयमा सधैं चट्टानी अडानमा रहिन ।

अष्ट्रेलियामा रहँदा पनि उनले कहिल्यै पछाडि फर्किनु परेन । नेपाली समाजमा हुने सामाजिक काम होस् या पढाई जतातत‌ै निर्भानाको सक्रियता अब्बल रह्यो । परदेशमै रहँदा बखत आफ्नो शारीरिक विकास उमेरअनुसार नहुँदा छक्क परिन । शरीरमा देखिएको परिवर्तन स्वाभाविक थिएन । महिला र पुरुष दुवैतर्फ समान आकर्षण थियो । धेरै समयसम्म निर्भानाले आफूभित्रको यो विरोधाभाषपूर्ण अवस्था लुकाएरै राखिन । तर कति पनि विचलित भइनन् । बरु यसबारे अध्ययन अनुसन्धानको पाटो अघि बढाइन । भनिन्छ- मेहनती मानिसले झारबाट मह उत्पादन गर्ने क्षमता राख्छ भने झैं निर्भानाले आफूभित्रको समस्यालाई अवसरको रुपमा अनुवाद गर्ने निधो गरिन । हुन पनि जसरी कडा ढुंगा र सबैभन्दा नरम पानीको मिश्रणबाट एउटा सुन्दर छहराको जन्म हुन्छ, त्यसरी उनले पनि घर फर्किएर महिलाको आवाज बोल्ने संकल्प गरिन । यो निर्णय व्यवहारमा उतार्न कति

समय लागेन । आफूमा आएको परिवर्तन लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसमा आउने परिवर्तन हुन सक्ने निधोमा पुगेपछि अधिकारका लागि बोल्नुपर्छ भन्ने अर्जुनदृष्टिले काम गऱ्यो ।

सत्यको बाटो घुमाउरो हुँदैन । जति सत्य बुझ्यो, उति जीवन सुन्दर हुन्छ । आफ्नो यात्रा त उनले सहजै तय गरिन । तर अभिभावकलाई कसरी विश्वासमा लिने ? उमेरसँगै वैवाहिक सम्बन्धका सन्दर्भ आउलान् । परिवारले देखेको सपनाको उडान कम चुनौतीपूर्ण थिएन । त्यसमाथि साथीभाइसँगाको सम्बन्धले पनि खास महत्व राख्छ । आफूभित्रको यो रहस्य खुलेपछि उनीहरूले गर्ने व्यवहार कस्तो हुँदो हो ? उनी हरेस खाने मान्छे थिइनन् । सबैलाई सत्य सम्झाएरै निर्भानाले आफ्नो जीवन लयमा ल्याइन । यो अवस्थासम्म आउन उनले बेल्नु परेको संघर्षको रोटी महाभारतभन्दा कम रोचक छैन । निर्भानालाई घाँटी घाँटीसम्म थाहा छ- संसार यति परिवर्तनशील छ कि तुलसी रोप्ने हातहरू नै अहिले क्याक्टस रोप्न उत्साही बनेका छन् । आखिर उनका अभिभावक पनि रुखभन्दा पछि बनेको भन्दैमा पीर्कालाई हेला गर्नु हुँदैन भन्ने निर्णयमा पुगे । त्यसपछि जीवनको राजमार्ग क्रमशः सोझिँदै गयो । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको बारेमा राम्ररी अध्ययन गरेसकेकी उनको मनमा अबका योजना कसरी अगाडि बढाउने भन्नेमा द्विविधा रहेन । विवाह र बालबच्चाको जन्मका विषयले भने कहिलेकाहीँ नराम्ररी चिमोट्थ्यो ।



"महिला अधिकारका विषयमा संविधानले निर्देश गरे पनि व्यवहारिक पक्ष सहज नरहेको उनको बुझाई छ । मानिसले मानिसको आत्मसम्मानमाथि खेलबाड गर्ने यहाँको चलन उनलाई कति पनि चित बुझेको छैन ।"

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय अन्तर्गतको एक समूह बाइसेक्सुअलका सम्बन्धमा उनले आफ्ना केही साथीसँग भने शेयर गरिन् । आफ्नो मानसिक विकास सोही अनुसार भइरहेको भनिन । तर, उनका साथीहरूमा पनि त्यसले खासै प्रभाव देखिएन । यसले निर्भानाको आत्मविश्वासले ह्वात्तै माथि उठाउने काम गऱ्यो । नेपाल आएपछि उनले पहिलो प्राथमिकता घुमफिरलाई दिइन । नेपालमा उनले नटेकेको कुनै भूगोल छैन । त्यसपछि महिला अधिकारका विषयमा लड्ने भोकलाई उनले मितिनीलगायत अन्य संघसंस्थाबाट पूरा गरिरहेकी छिन् । महिला अधिकारका विषयमा संविधानले निर्देश गरे पनि व्यवहारिक



पक्ष सहज नरहेको उनको बुझाई छ । मानिसले मानिसको आत्मसम्मानमाथि खेलबाड गर्ने यहाँको चलन उनलाई कति पनि चित्त बुझेको छैन ।

आफू लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हो भन्ने विषयले विदेशी भूमिमा खास समस्या नभोगेकी निर्भानाले यहाँ पाइला पाइलामा ठेस खाइन । यहाँ हुने असमान व्यवहार र दुर्वाच्यले आघात पुऱ्यायो । अझ दूरदराजमा रहेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसले भोगेको सामाजिक उत्पीडनले साँच्चै द्रवित बनायो । यी सबै दृश्यले उनीभित्र भीष्म प्रतिज्ञाको जन्म हुँदै गइरहेको छ । हिलोबाट निक्लन हिलैमा टेक्नुपर्छ भने झैं विकृतिविरुद्ध लड्ने उनले आफूलाई हरेक मोर्चामा तयार गर्दै गएकी छन् ।

घरदेश र परदेशको समान अनुभव बोकेकी निर्भानालाई लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायप्रति सामाजिक धारणाले चिन्तित बनाएको छ । त्यो मात्र होइन, सम्पूर्ण नागरिकको अभिभावक बन्नुपर्ने सरकारले झण्डै १२ देखि १५ लाखको हाराहारीमा रहेको यो समुदायप्रति गरेको व्यवहार साँच्चै पीडादायी लाग्छ । धेरै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिस आफ्नो पहिचान नै नपाइकन् जीवन यापन गर्न बाध्य रहेको सत्यले जलन पैदा हुन्छ । यो कुण्ठाको उपचार कसरी खोज्न सकिन्छ भन्ने हुटहुटीले भोक, निद्रा खोस्छ । यसका लागि विद्यालय तहबाट यसको सुधारका लागि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको बारेमा अध्ययन हुनुपर्ने मान्यता उनको छ । त्यसो मात्र होइन, यो समुदायको विवाहलाई सामान्य ढंगमा कानुनी मान्यता दिनेगरी व्यवस्था गर्नुपर्ने ठड्कारो माग राख्छिन । लोकतन्त्र सबैका विचारको सम्मान पाउने थलो हो । राजनीतिक दलहरूले चुनावमार्फत सबैको रंग देखिने किसिमको सलादजस्तै समाजको परिकल्पना गर्दै आएका छन् । नयाँ वर्ष २०७९ सबै खाले चुनाव सम्पन्न गर्ने चुनावी वर्ष हो । मूलधारका राजनीतिक दलहरूले समाजको यो गम्भीर पाटो आत्मसात गरेको खण्डमा शासनप्रणाली लोकप्रिय हुँदै जानेमा शंका छैन । निर्भाना जनप्रतिनिधिहरूको ध्यान यसतर्फ आकर्षित गर्न चाहन्छिन् । उनको प्रश्न छ- भोट चल्ने, इज्जत नचल्ने संसारमै नभएको यो कस्तो लोकतन्त्र ?

# जूनकिरी जोडी



काठमाडौंको सोह्रखुट्टे बस्दै आएका आशिक लामाको पुर्ख्यौली घर सिरहा हो । उमेरले भर्खरै २१ नाघेका लामाको जीवनले भने सयौ कोल्टे फेरिसकेको छ । परिस्थिति प्रतिकूल भए पनि मनस्थिति अनुकूल बनाउनुपर्छ भन्ने मान्यताको पदचापले उनलाई सफलताको शिखरमा विराजमान गरायो । संघर्षले उनलाई पटक पटक लडेर उठ्न सिकायो । पाँच वर्षअघि मात्र काठमाडौंमा पाइला टेकेका लामा अहिले न्यूरोडमा ब्यूटीपार्लर चलाउँछन् । यो सफलता उनकै लागि चमत्कारपूर्ण बनेको छ । सानै उमेरदेखि फेसन डिजाइनमा रुचि राख्ने लामा नाच्नमा उत्तिकै सौखिन छन् । सिरहाबाट काठमाडौं आउँदै गर्दा कोरस नाचलाई उनले भात खाने मेलो बनाएका थिए । पहिले तिमी उज्यालोतर्फ फर्क त्यसपछि छायाँ स्वत: पछि पर्नेछ भने झैं आशिकको आत्मविश्वास र लगन सफलताको मेरुदण्ड प्रमाणित भयो ।

शारीरिक बनावटले पुरुष देखिने लामालाई कहिल्यै पुरुषको आभाष भएन् । उनी आफूलाई महिलाको व्यवहार र लवजमा सहज महसूस गर्थे । सिरहाबाट कक्षा १० सम्मको पढाई पूरा गरेका उनी विद्यालयमा पनि महिलाले गर्ने क्रियाकलाप तथा अभ्यासमा धेरै रमाउँथे । पुरुषभन्दा महिलाले गर्ने क्रियाकलापबाट सन्तुष्ट पाउने हुँदा स्वभावत: उनका साथीसंगी महिला नै हुने भए ।

उमेरले परिपक्वता ल्याउँदै गर्दा आफ्नो शरीरमा देखिएको परिवर्तनबाट बालक लामालाई अचम्म लाग्थ्यो । अन्यभन्दा फरक ढंगले शारीरिक तथा मानसिक विकास हुँदै जाँदा उनको दैनिक जीवन असहज बन्न थाल्यो । मनको बह कसैलाई नकह भने झै धेरै समय उनी कुण्ठित बने । कतै कुनै अज्ञात रोगको संक्रमणका कारण आफू अरुभन्दा फरक भएको त हैन ? यही त्रासले पछ्याउन थाल्यो ।



घरपरिवार र समाजबाट पुरुष उपमा पाएका आशिकको फरक भूमिका आलोचना र टिकाटिप्पणीबाट निरपेक्ष हुने सम्भावना रहेन । एउटै बेन्चमा लेखपढ गर्ने साथीभाइका तीखा प्रतिक्रियाले उनलाई द्रवित बनाउँथ्यो । स्कुलमा साथीभाइले लगाएको घाउमा छरछिमेक र घरपरिवारका सदस्यले झन् नूनचुक छरिदिन्थे । एकैपटक सबैतिरको मानसिक आघात सहन नसकेर उनी धेरै पटक बाबुआमासँग भारत गए । रोजगारीको सिलसिलामा भारतमा रहेका बाबुआमासँग जाने आउने क्रममा रेलवे स्टेशनमा संयोगले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानिससँग भेटघाट भयो । उनीहरूको मनोभावसँग पूर्णरुपेण समभाव पाइएपछि आशिकका लागि खोलामा डुबेको मानिसले त्यान्द्रोको सहारा भेटेजस्तै भयो । त्यो सहारा त विदेशी भूमिमा थियो । उनी त नेपाल बस्थे । यो सहारा दुई दिनको रामछायाँजस्तै बन्यो । समयले फेरि आशिकलाई नेपाल फर्कायो । उनको दैनिकी पुरानै लयमा फर्कियो । पहिले उनले आफूलाई चिन्न सकेका थिएनन् र रनभूल्ल जीवनले भ्रमकै सुविधा भए पनि पाएका थिए । तर आफूभित्र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको चरित्र विकास भएको बुझेपछि आफ्नो परिवेश झनझन् बिझाउन थाल्यो । साथीभाइको समाजबाट अझ असुरक्षित महसूस गर्न थाले । यही त्रसित मनस्थितिका कारण आफ्नो पढाईको यात्रा अघि बढाउन सकेनन् । समाजका प्रतिनिधि पात्रहरूले नै "तेस्रो लिङगी"को उपमा दिएपछि विकासका बाटाहरु बन्द भए झैं भयो । जेनतेन १० कक्षासम्म पढाई सकेपछि उनले उच्चशिक्षाबारे सोच्नै सकेनन् । एसईईको परीक्षा सकेलगतै फेरि भारत हानिए । आफ्नो प्रकृतिका मानिसलाई भारतीय समाजले हेर्ने नजरप्रति उनी कृतज्ञ छन् । भारतमा पाएको इज्जत सम्झिंदा आशिक अहिले पनि न्यानो महसूस गर्छन् । लामाको मूल्याङ्कन छ- *"नेपालमा व्यक्तिको चरित्रमाथि अनावश्यक टिप्पणी हुन्छ, तर भारतमा व्यक्तिको काममाथि मात्रै सरोकार हुन्छ ।"* समाजको अपहेलनाबाट बच्न भारत पुगेका लामालाई त्यहाँको नेपाली समाजले गरेको व्यवहार अहिले पनि गाँठो बनेर बसेको रहेछ । पराई भूमिमा आफ्नै दाजुभाइको खेदो खन्ने प्रवृत्तिले व्यथित बनायो । तर उमेरसँगै बढेको आत्मविश्वासका अघिल्तिर त्यस्ता सस्ता टिकाटिप्पणी पुड्का ठहरिए । अब त उनीभित्र संसार एकातिर, आफू अर्कातिर रहने साहस बढ्न थालिसकेको थियो । अनि त के थियो र, सामाजिक सञ्जालमार्फत उनले आफ्नो सम्पर्कको आयतन बढाउँदै लगे । यो विधामा काम गर्ने व्यक्ति र संस्थासँगको सम्पर्क बढ्दै गयो ।



आफूलाई तेस्रो लिङ्गीको रुपमा उभ्याएका आशिकले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको बारेमा यिनै संस्थामार्फत पूर्ण जानकारी पाए । फरक प्रकृतिको मानिस हुनु कुनै रोग नभई प्राकृतिक देन भएको र यो समुदायका मानिसले पनि शानदार जीवनयापन गरेको थाहा पाएपछि आशिषभित्र जीवनप्रतिको सम्मोहन बढ्न थाल्यो । जीवन बाँच्न मात्र नभई कलात्मक जीवन बाँच्नुपर्छ भन्ने औडाहाले काम गर्न थाल्यो । अनि त प्रज्ञा र चेतलाई क्रमशः बढाउँदै लगे ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायसँग सम्पर्क बढ्दै



जाँदा आशिक लामाको चिनजान चितवनका निरज सुनुवारसँग भयो । त्यो सम्पर्क प्रेममा बदलिन धेरै समय लागेन् । सामाजिक सञ्जाल फेसबुकमार्फत नजिकिएका उनीहरूको पहिलो भेटमै जीवन सार्थक बनाउने माध्यम बन्यो । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका दुवैजनाले समलिङ्गी विवाहमार्फत एक आपसमा जीवन समर्पणको निधो गरे । वैवाहिक जीवनमा बाँधिएपछि काठमाडौं आएका उनीहरुको जोडी आफूमा मात्र सीमित भएन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसका लागि उनीहरु उदाहरणीय पात्र प्रमाणित भए । आफ्नो जीवनका तीता, मिठा अनुभव विभिन्न सञ्चारमाध्यममार्फत एक कान, दुई कान गर्दै मैदान बनाएको यो जोडीले समाजमा नमूना पात्रको ख्याती बटुलिसकेको छ । समस्याभित्र समाधानको जीवनदर्शन पत्ता लगाएको छ । बाटा बिराएकालाई बाटो, आत्मविश्वास गुमाएकालाई विश्वासको लौरो प्रमाणित भएको छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको युवा पुस्तालाई प्रेरित गर्न आफ्ना दु:ख र संघर्षका कथा बाँडिरहेको छ । लुकेर नभई खुलेर सुन्दर संसार बाँच्न सकिन्छ भन्ने नजिर यो जोडीले स्थापित गरेको छ ।

आफ्नो वास्तविकता परिवारलाई पनि बताउन नसकेका लामालाई अहिले समाजले नै सम्मानको दृष्टिबाट हेर्दा गर्वको महसूस हुन्छ । परिवारमा उब्जिएका सिउँडीसमान समस्याका काँडा समयसँगै निस्तेज भएका छन् । निरजको घरमा उनी बुहारी भएर भित्रिदै गर्दा परिवारले देखाएको सद्भावले उनलाई समाजका लागि अझ धेरै काम गर्ने भोक जागेको छ । समलिङ्गी भएपनि निरज आशिकका पति हुन् । उनीहरू शारीरिक रुपमा पुरुष देखिए पनि प्राकृतिक रुपमा यो जोडी सिक्काका दुईपाटा बनेका छन् ।

आफ्नो जीवन सुनुवारसँगै बिताउने सपना बोकेका लामाको अहिले परिचय पनि फेरिएको छ । उनी हिजोको आशिक रहेनन् । आज उनी सारा नेपालमा निया लामाको रुपमा परिचित छिन् । निरजसँगको वैवाहिक जीवनपछि उनले आफूलाई अब ट्रान्सजेन्डर वुमेनको रुपमा उभ्याएकी छिन् । सही समयमा आफ्नो पहिचान पाएकी उनले आफूलाई न्याय त प्रदान गरिन नै, उनी सिंगो समाजको उदाहरणीय पात्रको रुपमा स्थापित भएकी छिन् । समाजमा आफ्नो परिचय लुकाउनेका लागि उनी उदाहरण हुन् भने खुलेर जीवन जिउन नसकेका लागि नियाको जोडी "वाह ! क्या जोडी" बनेको छ ।

सुखद खबर त के भने समाजमा आफूलाई अब्बल नागरिकको दर्जामा उभ्याउन अहोरात्र प्रयास गरिरहेको यो जोडी कसैप्रति आश्रित छैन् । जीवनयापनका लागि निया काठमाडौंको ब्यस्त बजार न्यूरोडमा ब्युटीपार्लरको व्यापार गर्छिन भने निरज बैदेशिक रोजगारीमा छन् । आफ्नो तर्फबाट समाजमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका मानिसलाई सहयोग गर्न तयार यो जोडीका सरकार र समाजप्रति भने अझै केही गुनासा छन् । नागरिकलाई समान हकको संविधानमा नै व्यवस्था भए पनि सरकारले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका नागरिकलाई अधिकारबाट बञ्चित गरेकोमा खेद छ । विद्यालयस्तरको पाठ्यक्रममा नै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सम्बन्धी पढाइ सुरु गर्नुपर्ने नियाको माग छ । यसले समुदायमा भएका यस्ता व्यक्तिको अवस्था बारेमा पहिल्यै जानकारी हुने र उनीहरूले सोहीअनुसार आफ्नो सहज जीवनयापन गर्न पाउने तर्क उनको छ । जे होस अँध्यारोबाट उज्यालो यात्रामा अघि बढेको यो जोडी क्रान्तिको जुनकिरी बन्नेमा दुईमत छैन ।

# चिनारी फेर्न तीन दशक





रावणको कब्जाबाट सकुशल फिर्ता सीताले आदर्श मानिएको रामराज्यमा आफूलाई सति सावित्री प्रमाणित गर्न अग्निकुण्डमा हाम्फाल्नु पर्‍यो । यो भयो आध्यात्मिक प्रसंग । तर सर्लाहीकी **गोमा तामाङ**ले जीवनमा पटक पटक यस्तै अग्निपरीक्षामा होमिनुपर्‍यो । पीडा खेप्न नसकेपछि धेरै पटक जीवन सिध्याउन तत्पर भइन । अपमान र भुक्तमानका विष पिएको हिसाब गर्ने हो भने धेरै फेवाताल भरिन्थे होलान् । समयलाई उनको हार मञ्जुर भएन । जसरी सुकेको पात नझरी रुखमा अर्को नयाँ पात आउँदैन, त्यसरी नै जीवनमा कठिनाई र सघर्षविना जीउमा सुखको घाम लाग्दैन भन्ने मान्यता प्रमाणित भएरै छाड्यो । सुनको शुद्धता आगोमा देखिएझैं संघर्षले गोमालाई "हीरा" प्रमाणित गर्‍यो । अहिले त गोमा एउटा चुनौतीपूर्ण सामुद्रिक छालबाट बचेको नाविकझैं एउटा प्रेरक पात्र बनेकी छन् । उनको जीवन कथा अपत्यारिलो मिथकभन्दा कम छैन । गाउँमा जन्मिएकी एउटी निरीह गोमा ३२ वर्षपछि कसरी सरिन तामाङ बनिन ? दुई सन्तानकी आमा गोमाभित्र कुन त्यस्तो अन्तर्द्वन्द्वले परिचय मात्र हैन, नातो नै फेर्ने अवस्था आइलाग्यो ? अरुको लहैलहैमा बनावटी जीवन बाँच्न बाध्य सबै मानिसलाई आत्मनिरीक्षणको यस्तो संयोग कमै जुर्न सक्छ । हो, गोमाको अन्तरकथा स्वस्थानी कथाका ७० वर्षीय शिव शर्मालाई जीवन सुम्पिन बाध्य गोमा ब्राम्हणीको कथाभन्दा कम दर्दनाक छैन ।

आजभन्दा ४९ वर्षअघि सर्लाहीको मुक्किया गाउँको एक मध्यम वर्गीय परिवारमा गोमाले यस धरामा पाइला टेकिन । यो अवधिमा उनले के भोगिन भन्दा पनि के भोगिनन भन्नु मनासिव ठहर्ला । सही दिशा र सही समयको ज्ञान भएन भने उदाउँदै गरेको सूर्य पनि डुब्दै गरेको देखिन्छ रे ! हो, गोमाको जीवन आएका सुख र

दुखका खहरेको उनैले भेउ पाइनन । भुक्तभोगीहरूले त्यसै भनेका होइनन- धर्तीमा जन्म लिएको एउटा मानिसलाई बोल्न दुई वर्षको आयु पर्याप्त हुन्छ, तर के बोल्न हुने नहुने कुराको हेक्का राख्न पुरै जीवन नै अपुरो हुन्छ । गोमाले जीवनको एउटा अध्याय पुरा गरेर अर्को शुरु गरेकी छन् । तर संघर्षमा विराम लागेको छैन । ढिलै भएपनि अनिच्छित जीवनको लयबाट पाएको मुक्तिलाई भने उनले कठोर साधनापछि प्राप्त बरदान मानेकी छन् । दुई बच्चाकी ममतामयी आमा, पतिकी प्राणप्यारी पत्नी, घरकी असल बुहारी, माइतीकी प्रिय चेलीको जीवन एक सय नब्बे डिग्रीमा परिवर्तन भएर कसरी फेरि कसैको पतिमा अनुवाद भयो ? यो नै गोमाको जीवनमा आएको अभूतपूर्व परिवर्तनको गाँठी रहस्य हो ।



सर्लाहीमा जन्मिए पनि रोजगारीका लागि काठमाडौं रहेका पिताजीले सानैदेखि गोमालाई राजधानीमा पढाएका थिए । उनको शुरुवाती शिक्षा काठमाडौंको आदर्श निकेतन स्कुलमा भयो । सन्तानको पढाईबाट अभिभावक प्रफुल्ल थिए । यही समयमा गोमाको परिवारमा बज्रपात पर्‍यो । उनका पिता प्यारालाइसिसको विरामी भएर अस्पतालको बेडमा पुगे । ढलेको मूलधुरी उठाउन परिवारका सदस्यले साम, दाम सबै खर्चिए । पिताको उपचारमा यति खर्च भयो कि सहजसँग हातमुख जोर्न सफल एउटा परिवार सडकमा आइपुग्यो । काठमाडौंमा टिक्न नसकेपछि गोमाको परिवार सर्लाही नै फर्कियो । पढाइ लेखाइमा त्यहीँ पूर्णविराम लाग्यो । अनि त के थियो, सहजसँग जीवन धानिरहेको त्यो परिवारलाई दुखको कालो बादलले घेर्न थाल्यो । स्कुले शिक्षाको अन्तिम चरण १० कक्षासम्मको पढाइ नसिध्याउँदै परिवारकी जेठी सन्तान गोमाले अन्मिएर पराइ घर सम्हाल्न जानुपर्‍यो । विवाहको कुरा छिन्दा गोमाले आफू र भाइलाई पढाउनुपर्ने सर्त राखेकी थिइन । केटाका परिवारले सहर्ष स्वीकारेका थिए । विहेपछि क्रमश: घर व्यवहारले छोप्यो । माइती र घर दुबैतिरको दबाब झेल्दै गोमाले चेली र छोरी हुनुको कर्तव्य निर्वाह गर्दै गइन । अस्तिसम्म परिवारको लाडप्यारमा हुर्किएकी गोमा आफै दुई सन्तानकी आमा बनिन । अरुकै खुसीका लागि दौडदा दौडदै उनले राम्रो लाउने, मीठो खाने इच्छा मार्न बाध्य हुनुपर्‍यो । पढाइमा उन्नति गर्न नसके पनि भलिबलको विभिन्न राष्ट्रिय प्रतियोगितामा सहभागी भएर परिवारको सपना पुरा गर्ने प्रयास पनि अन्ततः असफल भयो ।

विवाह भएलगतै गोमाका सर्तप्रति घरका सदस्यले अनुत्तरदायी व्यवहार देखाउन थाले । भाइ त के गोमालाई पढाउने जाँगर देखाउन छोडे । भलिबल खेलेको निहुँ बनाएर उनलाई घरपरिवारले स्कुल जान बन्देज लगाए । जसको भरमा जन्मघर छोडेर उनी पराईको आँगनमा आइन, तिनै पति पत्नीप्रति निर्दयी बन्दै गए । जीवन भन्न नहुने कथा, गाउन नमिल्ने गीतजस्तै बन्दै गयो । विहे गरेको तीन वर्षमा दुई सन्तानकी सृष्टिकर्ताको परिचय उनको भाग्यमा लेखियो । जन्मसंगै उनीहरूलाई हुर्काउने, पढाउने, बढाउने इतिश्री काम स्वभावत आमाकै कित्तामा पर्ने नै भयो । यी सबै काम गरेर आमा हुनुको धर्म उनले सतप्रतिशत पूरा गरिन । आफ्नै कोखबाट जन्मिएका हुर्किएका सन्तानको पालनपोषणपछि गोमाले महसूस गर्न थालिन- "अहँ, म यो जञ्जालमा फस्न जन्मिएको हुँदै होइन ।" जीवनलाई अझ गतिशील, ऊर्जाशील बनाउनुपर्छ भन्ने जोस जन्मियो । त्यसका लागि घरपरिवारका जञ्जिर तोड्नुपर्ने सम्मको साहस पलायो । दुई दशकअघि एकदिन दिदीको भावना बुझेको सहोदर भाइ आएर हठात प्रश्न गर्‍यो- "दिदी, इजरायल जाने हो ?" आकासमा उड्ने कि पाताल भासिने



मनोविज्ञानमा बाँचेकी गोमालाई यो प्रश्न खुँदो भयो । उनले कति पनि ढिलो नगरी स्वीकृतिको मुन्टो हल्लाइन । अब बाँकी रह्यो- परिवारलाई कसरी मनाउने ? गोमाले चलाखीपूर्ण तरिकाले परिवारको पनि स्वीकृति लिइन । रोजगारीको सिलसिलामा विदेशी भूमिमा पाइला टेक्दा धेरैलाई पीडा हुन्छ तर उनले मुक्तिको सास फेरिन । नेपाल छोडेपछि त बास नयाँ, गाँस नयाँ, सोच नयाँ, अझ भनौं जीवनप्रति हेर्ने आयतन नै नयाँ बनेको आभाष हुन थाल्यो । फराकिलो आकासमा कावा खाने एउटा पन्छीको जीवनजस्तै गोमाको दैनिकी फेरियो । जन्मिएको ३३ वर्षपछि उनीलाई आत्मनिरीक्षणको घडी जुर्‍यो । अझ भनौं आफूले आफैंलाई माया गर्ने समय आयो । आफूले भोगेको विगतलाई उनले एउटा नराम्रो सपनाको रुपमा बिर्सने हिम्मत राखिन । गिजोलिएको पतिसँगको सम्बन्धलाई डिभोर्समा बदल्ने निर्णय तत्काल कार्यान्वयन गरिन । इजरायल गएको पाँच वर्षपछि बन्धनको जीवनबाट मुक्ति लिने निर्णय लिइन ।

पतिसँगको औपचारिक सम्बन्ध बिच्छेदपछि गोमाको परिचय फेरियो । विदेशमा रहेर विभिन्न सामाजिक कार्यमा उनको संलगनता बाक्लिन थाल्यो । सोच बदलिएसँगै उनले आफूलाई सरिन तामाङका नाममा सक्रिय गराउन थालिन । नयाँ नामसँग लगाव बढ्नुको कारण विगतको परिचयसँगको वितृष्णा थियो । आफ्नो शारीरिक मनोविज्ञानले नदिएको काममा समर्पण गर्नु पर्दा प्रत्येक पल मर्नु परेको पीडासँग प्रतिशोध साँध्नु थियो । अझ यसो भनौं गोमाले पाएको हण्डर र ठक्करमा मल्हम लगाउन आफैभित्र सरिन तामाङको जन्म भएको थियो । त्यसैले त सरिनले अब कुनै पनि केटासँग घरजमको सपना देखेन । आफूलाई समाजमा एउटा असल पुरुष अवतारमा बाँच्न कम्मर कस्यो । एउटा परिवारमा खुम्चिएर बसेको पात्र चुनौती घेरा तोडेर तेस्रो लिङ्गीको पक्षमा खुलेर बहस गर्न तयार भयो । अहिले त उ तेस्रो लिङ्गीको अधिकारका लागि लड्ने एउटा भरलाग्दो अभियन्ता बनेको छ ।

रोजगारीकै सिलसिलामा इजरायलमा रहँदा सरिनलाई लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको विषयमा आवाज उठाउने हौसला मात्र मिलेन, समलिङ्गी विवाहको मोहले उतिक्कै उत्प्रेरित गर्‍यो । उनको सामाजिक सञ्जालमार्फत दुबईमा रहेकी देवी कार्कीसँग सम्बन्ध गाँसियो । प्रकारान्तरमा त्यो सम्बन्ध समलिङ्गी विवाहमा परिणत भयो । १४ वर्षको इजरायल बसाई सकेर दुई वर्षअघि घर फर्किएका सरिनले देवीलाई पत्नी बनाएर धुमधामसँग भित्र्याए । अहिले यो जोडीले काभ्रेको धुलिखेलमा गर्ल्स होस्टल सञ्चालन गर्दै आएको छ । नेपालमा समलिङ्गी घरजम गर्ने पहिलो कीर्तिमान सरिन-देवी जोडीले प्राप्त गरेको छ ।

गोमादेखि सरिनसम्मको यात्रा आफैंभित्रको रोमाञ्चक श्रृंखला हो । गोमा कहर थियो भने सरिन रहरको जीवन बनेको छ । यद्यपि उनले यी दुवै अवस्थालाई समयको सगुन मानेका छन् । सरिन र देवीको जोडीले अहिले फूलजस्तो जीवन गुजारिरहेको छ । अबको यात्रा पनि एक अर्काको परिपूरक भएर बाँच्ने उनीहरूको संकल्प छ । तर आफूहरूको विवाहलाई राज्यले कानुनी मान्यता नदिएकोमा उनीहरूको दुखेसो छ । "हामीले आफ्नो शैलीको जीवन बाँच्न खोज्दा राज्यको ठाउको दुखाई बुझ्न सकिएन । भाषणमा हाम्रा पक्षमा बोल्नेहरू कर्तव्य पालनको समय आउनासाथ चिप्लिन्छन् ।" सरिन जोडीको प्रश्न छ- "तेस्रो लिङ्गीलाई कसिंगर ठानेर राज्यले पाउने उपलब्धी के हो ? मुलुकमा यत्रो राजनीतिक परिवर्तन आउँदा त्यसको सानो बाछिटाले समेत हामीलाई राहत दिन सकेन ।"

# लक्ष्यभेदनमा अब्बल

# लक्ष्मी



**लक्ष्मी घलान** अर्थात आगोमा खारिएको २४ क्यारेट सुनजस्तै विशुद्ध प्रतिभा । जीवनमा हुरी, बतास, असिना र आँधी आएन भने निश्चित छ- यो समाजमा लक्ष्मीजस्ता पात्रको उदय सम्भव छैन । मानवतालाई झ्याउँकिरीका गीतजस्ता विभक्त नारा यिनै पात्रहरूको जाँगरले आकार पाउने तागत राख्छ । रातसँग नडराई विहानीको प्रतिक्षा गर्ने लक्ष्मीजस्तै संघर्षशील योद्धाले चूकजस्तो अँधेरी रातलाई सुन्दर विहानीमा अनुवाद गर्न सक्छन् । लक्ष्मी बनमाराको जंगलभित्र छोपिएको त्यो पिपल हो, जो थाहै नपाई आफ्नो आयतन बढाइरहेको हुन्छ । बनमाराको अस्तित्व सकिनासाथ पीपलले आफ्नो सामर्थ्य देखाउँछ । भनिन्छ- आँखामा परेको धुलो, पैतालामा गाडिएको काँडा, खरानीभित्र लुकेको आगोभन्दा मान्छेको मनभित्र गढेको प्रतिशोध खतरनाक हुन्छ । आलोचनाको त्यही पीरामीडले लक्ष्मीलाई समाजमा धनको नभई सेवाको विशुद्ध "लक्ष्मी" बनायो । आशावादी मानिसले जहाज बनाउँछ । निराशावादी प्यारासुटमा रमाउँछ भने यी दुवै नगर्ने जमिनमा उभिएर कुरा काट्न रमाउँछ । तर लक्ष्मीले चेतनाको विकास भएसँगै दुवैलाई पन्छाएर महाकवि लक्ष्मीप्रसाद देवकोटाको "उद्देश्य के लिनु उडी छुनु चन्द्र एक" को उडान भरिन ।



समस्या समस्यामा नभई मान्छेमा हुन्छ । समस्या मानिसको अहं, मूर्खता र स्वार्थमा हुन्छ । आफ्नो समस्या आफू हैन, अरुमा देख्नु समस्या हो । गृह जिल्ला हेटौंडामा रहँदै यो सत्यसँग उनले साक्षात्कार गरिन । समाजसँग लड्ने हिम्मत जुटाइन ।

उनलाई लाग्यो-आखिर ओखलमा मुन्टो राखेपछि मुसलको के डर ? अरुको खुसीका लागि आफ्नो खुसी बलिदान गर्ने त्यही साहसले दुई दशकमा लक्ष्मी समाजको उज्यालो ध्रुवतारा बनिन । उनैले जन्माएको "मितिनी, नेपाल" संस्थाले देश देशावर न्यायको चिराग बालिरहेको छ । लक्ष्मी त्यही आगोमा हिम्मत र संघर्षको तेल थपिरहेकी छन् । अविरामको मेहनतकै प्रतिफल निमुखाले न्याय पाएका छन् । बाटो बिराएकाले लय समातेका छन् । गन्तव्य नभेटेकाहरूले भरलाग्दो सारथी समातेका छन् । बसेको हात्तीभन्दा हिँडेको कमिला जाति भने झैं लक्ष्मीले फुकी फुकी चालेका पाइला अन्धकारमा जुनकिरी प्रमाणित भएको छ ।

मकवानपुरको हेटौंडामा जन्मिएकी लक्ष्मीको बाल्यावस्था जन्मभूमिमै बित्यो । आदिबासी, जनजाती समुदायमा छोरी भएर जन्म लिएकी उनको उमेर बढ्दै जाँदा विपरीत लिङ्गीप्रतिको झुकाव भने बढेन । शारीरिक विकास छोरी जस्तो भए पनि मानसिक तथा भावना ठीक विपरीत थियो । १२/१३ वर्षको उमेरमा लक्ष्मीलाई पुरुषभन्दा महिलाको सामिप्य प्रिय लाग्न थाल्यो । यो के को लक्षण हो भन्ने हेक्का थिएन । संघारमा आएको एसएलसी परीक्षा र त्यो सँगै विहेको चर्चाले घरमा प्रमुखता पाउन थाल्यो । तामाङ समुदायमा सानै उमेरमा विहे गर्ने प्रचलन थियो । मनोवैज्ञानिक रुपमा उनी विहेका लागि तयार थिइनन । एसएलसी सकियो । खाली समयमा केही सीप सिक्न पाए हुन्थ्यो भन्ने लागिरहेको




थियो । हेटौंडामै केही समय सीप आर्जन गरिन । यही बेला नजिकैकी शुभचिन्तक गोमा मिसले काठमाडौंमा रोजगारी खुलेको भन्दै काठमाडौं जान प्रस्ताव गरिन । बढेकी छोरी घर छोड्ने कुराले परिवार झस्कियो । त्यसमाथि विहेको चर्चा चलिरहेको थियो । परिवारलाई आफ्नो एजेण्डामा सहमत गराएर लक्ष्मीले काठमाडौंको यात्रा तय गरिन ।

रोजगारीसँगै आफूभित्र बढ्दो समस्याको निदान खोज्नु लक्ष्मीभित्र लुकेको अर्को उद्देश्य थियो । उनले काठमाडौंमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिस देखिन । सर्वप्रथम त उनलाई अनौठो लाग्यो । आफूलाई उनीहरुकै कित्तामा तुलना गरेर दाँजिन । अहँ, कतै समानता फेला पारिनन । समाजमा तेस्रो लिङ्गी प्रतिको परिभाषा तथा उनले देखेको लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसमा आकाश-पाताल फरक भेटियो । उनलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिस (नपुंसक) अर्थात लिङ्ग पहिचान नै नभएका हुन्छन् भन्ने धारणा बसेको थियो ।

काठमाडौं आएपछि गोमा र लक्ष्मी बालाजुमा बसे । लक्ष्मीको सम्पूर्ण जीवन कहानी भेउ पाएकी गोमा मिसले उनलाई लाजिम्पाटस्थित ब्लु डाइमण्ड सोसाइटीको कार्यालय लिएर गइन । संस्थामार्फत लैङ्गिक अल्पसङ्ख्यक समुदायका विषयमा जानकारी दिएपछि उनी आफ्नो परिचय पाउन सफल भइन । १८ वर्षसम्म समाजले परिकल्पना गरेको छोरीलाई मूर्त बनाउन लागि परेकी लक्ष्मी त्यसपछि भने लैङ्गिक भिन्नै परिचय स्थापित गरी समाजमा बाँच्न सक्नुपर्छ भन्ने भावनाले प्रेरित भइन् । उनले लैङ्गिक अल्पसङ्ख्यक समुदायको बारेमा सो संस्थाबाट धेरै ज्ञान लिने अवसर पाइन् ।

केही समयको बसाईपछि लक्ष्मी छुट्टै पहिचानसाथ बाँच्ने अठोट लिएर घर फर्किन । बाबु नेपाल प्रहरीको जागिरे भएकाले परिवारमा अदव थियो । परिवारभित्रको लक्ष्मणरेखा कसरी पार गर्ने ? अहँ, घर बसेर सम्भव थिएन । उनले फेरि काठमाडौं गएर संघर्ष गर्ने कम्मर कसिन । आमालाई आफूभित्रको कथा व्यथा सुनाइन । आमाले तैं चुप मै चुपको सल्लाह दिइन । यो रहस्य खुल्दा पारिवारिक इज्जतमै प्रश्न उठ्ने आमाभित्र भय थियो । २०५७ सालमा लक्ष्मी केही थान सपना बोकेर सधैंका लागि काठमाडौं छिरिन । यसअघिको छोटो यात्रामा काठमाडौंलाई आंशिक चिनेकी उनले अब काठमाडौंमा आफूलाई स्थापित गर्ने चुनौती थियो । काठमाडौं आउनुअघि नै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका पक्षमा खुलेर बहस गर्ने र यही समुदायको हितमा काम गर्ने संकल्प लिएकी थिइन । यसै क्षेत्रमा काम गर्दै गर्दा उनले लेस्बनहरुको क्षेत्रमा केही गर्ने सोचिन । समुदायभित्र कमजोर र सीमान्तकृत भएकाले उनीहरुको आवाज कमजोर भएको आभाष गरेकी लक्ष्मीले सन् २००२ मा "मितिनी सपोर्ट ग्रुप" को रुपमा लेस्बनको क्षेत्रमा अभियान श्रीगणेश गरिन । यो अभियान प्रभावकारी हुँदै गएपछि उनीलगायत केही सहकर्मी मिलेर सन २००५ मा मितिनी नेपाल नामको संस्था जन्माए । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकभित्रको लेस्बन तथा ट्रान्सजेन्डरको पक्षमा काम गर्ने मुख्य लक्ष्य राखेको यो संस्थाले यस समुदायका सम्पूर्ण मानिसका हितमा काम गर्दै आएको छ ।

स्थापनाको १७ औं वर्ष पार गर्दै गर्दा संस्थाले देशका विभिन्न ४ स्थानबाट काम गर्दै आएको छ । हालसम्म संस्थामार्फत करिब १ लाख लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मानिसलाई सीपमूलक तालिम दिइएको छ । यो पुण्य कामको सारथीको भूमिका तिनै लक्ष्मीले निभाउँदै आइरहेकी छिन् ।

## समलिङ्गी जोडीको कीर्तिमान

एसएलसीपछि सीपमूलक तालिमको समयमा भेट भएकी मीरा बज्राचार्यसँग लक्ष्मीको निकटता बढेर विवाह बन्धनसम्म पुग्यो । नेपालमा समलिङ्गीको पहिलो वैधानिक जोडीको कीर्तिमान लक्ष्मीकै जोडीले प्राप्त गर्‍यो । यो सम्बन्धसम्म आइपुग्दा फिल्मी शैलीकै भावनात्मक कहानी जोडिएको छ । उनीहरु निकै मिल्ने साथी थिए । हेटौंडामा उनीहरूको मित्रता देखेर डाहा गर्ने थुप्रै थिए । लक्ष्मीसँगको संगत मीराको परिवारले रुचाउन छोड्यो । परिवारको विमति भएपनि उनीहरुमा निकटता झन्-झन् कस्सिरहेको थियो । लक्ष्मीसँगै काठमाडौं आउने मीराको उत्कट इच्छा परिवारको बाधाका कारण रोकियो । यद्यपि उनीहरुको संवाद दिनरात भइरहेकै थियो । उमेर परिपक्व भएपछि मीरालाई घरमा विवाहको प्रस्ताव आउन थाल्यो । यद्यपि उनी पारिवारिक दबाबको विपक्षमा थिइन । अनुशासनमा बाँधिएकी मीराले आफ्नो भावनासँग कहिल्यै रमाउने अवसर पाइनन् । छोरीको रुपमा जन्म भएपनि उनीभित्रको मानसिक तथा भावनात्मक चेत बुझ्ने प्रयास कसैले गरेन । न त आफूभित्रको कुण्ठा बाँड्ने प्रयास उनीबाटै भयो । लक्ष्मीसँगको मायामा परेकी मीरा अभिभावकले विवाहका लागि लिएको निर्णयमा पनि सहमत भइनन । घरका मानिसले मानसिक यातना दिने क्रम झन्-झन् बढ्न थाल्यो । अन्ततः पीडा सहन नसकेर सन् २००२ मा मीराले विष सेवन गरी आफ्नो प्राण त्यागको निर्णय लिइन । सौभाग्यवस उनको त्यो प्रयास सफल हुन सकेन । विष सेवनको घटना समयमा नै परिवारले थाहा पाएपछि हेटौंडा, चितवन हुँदै ललितपुरको पाटन अस्पतालको उपचारपछि उनी निको भइन् । यही वियोगान्त पाटोले नै मीरालाई सधैं सधैंका लागि लक्ष्मीसँग भेट गराइदियो । यो घटनापछि दुवै सँगै बाँच्ने बाचा गरे र घरजम गरे । यसपछि पनि दुवैका परिवारबाट यातना झेल्दै आए । धेरै पटक भौतिक आक्रमणको सामना गरे । त्यो लडाईं न्यायलयसम्म पुग्यो । न्यायलयले देशकै पहिलो समलिङ्गी खुला जोडीको रुपमा परिचय दिलाएर इतिहास निर्माण गरिदियो । यो दिन उनीहरुका लागि सर्वाधिक खुसीको दिन प्रमाणित भयो ।



## राज्यसँग पौंठेजोरी

लक्ष्मीको जीवनमा धेरै उतार चढाव आए । आफ्नो जीवन बाँच्न उनले गरेको संघर्षदेखि जीवन साथीलाई सँगै राख्न लडेको सामाजिक र कानुनी लडाइ उनको जीवनको एक अध्याय हो । मितिनी नेपालबाट लाखौं लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पक्षमा काम गरिरहेको लक्ष्मीको अबको लडाई राज्यसँग छ । उनी निरन्तर अधिकारका लागि पौंठेजोरी खेलिरहेकी छन् । आफ्नो पहिचानसहितको नागरिकता तथा समलिङ्गी सम्बन्धलाई कानुनी मान्यता दिनुपर्ने उनको माग छ । १२ देखि १५ लाखसम्म लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानिसको सङ्ख्यालाई बिना पहिचान राज्यले राख्न नपाउने घलानको तर्क छ । यो पूरा नभएसम्म उनको महायज्ञले विश्राम पाउने छैन ।

Mitini NEPAL

## मितिनी नेपालको परिचय

मितिनी नेपाल समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको सहयोगको लागि काम गरीरहेको एक गैर सरकारी संस्था हो । नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने तथा उनीहरुलाई सम्मानित जीवन जिउन सामाजिक, सांस्कृतिक, आर्थिक, कानूनी तथा राजनैतिक अधिकार सहितको समतामूलक समाज निर्माण गर्ने उद्देश्यले यो संस्था सन् २००५ मा स्थापना भएको हो ।

## कार्यनीति

आम सरोकारवाला निकायहरु बीच समन्वय, सहकार्य, सञ्जालीकरण तथा आपसी समझदारीका माध्यमबाट यौनिक तथा लैङ्गिक समुदायका मानिसहरुको राजनैतिक, कानूनी, सामाजिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अधिकारमा उनीहरुको सहज पहुँचको लागि बहस पैरवी गर्ने ।

## लक्षित समूह

यौनिक तथा लैङ्गिक समुदाय भित्रका सबै समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरु ।

## कार्यक्रमहरु

### १. वहस तथा पैरवी

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको समान हक अधिकारका लागि हामी न्यायकर्ता, सरकारी तथा अन्य सरोकारवाला निकाय, आम सञ्चार, नागरिक समाजका अगुवाहरुसँग अन्तर्क्रिया गर्छौ । हामी विभिन्न छलफल, गोष्ठी कार्यशाला, र्‍याली, धर्ना, पत्रकार सम्मेलन आदि समेत गर्दछौं ।

### २. सामाजिक जागरण तथा सचेतना

हामी विभिन्न सांस्कृतिक कार्यक्रम, पोष्टर तथा पम्फलेट प्रकाशन, विद्यालय, कलेज जस्ता शैक्षिक संस्थाहरुमा अभिमुखीकरण आदिका माध्यमबाट यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान तथा अभिव्यक्ति लगायतका सवालहरुमा बहस तथा पैरवी गर्छौ । समुदायमा आधारित संस्थाहरु, व्यवस्थापिका संसद सदस्यहरु, सरकारी सरोकारवाला निकायहरु, सामुदायिक प्रहरी तथा पत्रकारहरुलाई समेत सामाजिक जागरण तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दछौ ।

### ३. सीप विकास

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको लागि हामी सीप विकास तथा आय आर्जनसम्बन्धी तालिम प्रदान गर्दछौं । आभुषणका सामाग्रीहरुको निर्माण, सिलाई बुनाई, ड्राइभिङ, सौन्दर्यकला सम्बन्धी तालिम, कफी तयारी, च्याऊ खेती तथा मैनबत्ती उत्पादन जस्ता तालिमहरु हामीले चलाउँदै आइरहेका छौं ।

### ४. क्षमता विकास

हामी नेतृत्व विकास, मानव अधिकार, कानूनी सचेतना यौनिक तथा लैङ्गिक समुदायहरुलाई तालिम तथा अभिमुखीकरण जस्ता क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्छौं ।

### ५. मनोसामाजिक तथा कानूनी परामर्श सेवा

आवश्यक्ताका आधारमा हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरु तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक तथा कानूनी परामर्श सेवा प्रदान गर्दछौं ।

### ६. अध्ययन तथा अनुसन्धान

हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको सवालमा उनीहरुका समस्या तथा अनुसन्धानमा रहेर खोज तथा अनुसन्धान गर्छौं ।

Mitini
NEPAL

रानीबारी सामाखुसी, कुमारी टोल
काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
वेभसाइटः www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/